## रसुवागढी हाइड्रोपावर लिमिटेड

# रसुवागढी जलविद्युत आयोजना/केन्द्रमा मिति २०८३/०५/१० गते आएको बाढी पश्चातको गतिविधि बारे जारी प्रेश विज्ञप्ती

मिति २०८३ भदौ १० गते बिहान करिब ८:३५ बजे, यस कम्पनीद्वारा रसुवा जिल्लाको टिमुरेमा प्रवर्धित रसुवागढी जलविद्युत आयोजनाको श्रोतनदी भोटेकोशीमा आएको प्रलयकारी हिमबाढीका कारण आयोजनाको बाँधस्थल, साइट कार्यालय तथा कर्मचारी आवासगृह, जलविद्युत् केन्द्र, प्रशारण लाइन लगायतका अधिकांश संरचनाहरूमा अकल्पनिय क्षति पुग्नुका साथै जलविद्युत् केन्द्रमा तत्कालिन अवस्थामा कार्यरत यस कम्पनीका नियमित करार तर्फका कर्मचारीहरू ५४ जना रहेकोमा श्री कुडकाङ घले, श्री वीरु तामाङ र श्री दोर्जे तामाङ टिमुरे गाउँ स्थित आफ्नै घरबाट भागेर आफ्नो ज्यान जोगाउन सफल भएका छन भने बाँकी ५१ जना कमर्चारीहरू हालका मितिसम्ममा पनि सम्पर्क विहिन रहेका छन। त्यसैगरी यस कम्पनीका संचालक श्री सुनौं औदी तामाङ समेत आफ्नै घर घट्टेखोलाबाट सम्पर्क विहिन हुनुभएको छ। सम्पर्क विहिन कर्मचारीहरूको विवरण निम्नानुसार रहेको छः

**(क) रसुवागढी सिमाक्षेत्र नजिकै रहेको आयोजनाको बाँधस्थल (Headworks) मा कार्यरत कमर्चारीहरूः**

१. फुर्पु तामाङ (चालक), २. निमा सिङ्गी तामाङ (लोडर अपरेटर) ३. उत्तमप्रसाद पौडेल (एक्साभेटर अपरेटरं) ४. लाक्पा दुजे तामाङ (टिपर चालक) ५. निमा तामाङ (चालक) ६. लाक्पा ग्याम्जो तामाङ (चालक) ७. फुर्पु छिरिङ माङ (प्लम्बर) ८. निम ग्याल घले (जुनियर सहायक) ९. निमा दिन्दुप तामाङ (चालक) १०. सारदुप तामाङ (भान्छे) ११. कैसाङ तामाङ (चालक) १२. ताशी तामाङ (सुरक्षा गार्ड) १३. भुजुङ तामाङ (सुरक्षा गार्ड/भान्छे) १४. राम तामाङ (चालक) १५. निमा छिरिङ तामाङ (चालक) १६. सान्डु तामाङ (इलेक्ट्रोनिक ओभरसियर)।

**(ख) आयोजना/जलविद्युत केन्द्रको कार्यालय तथा कर्मचारी आवास क्षेत्र घट्टखोलामा कार्यरत कमर्चारीहरूः**

१. सोनाम फिन्जो तामाङ (हेल्पर) २. छोवाङ दोर्जे तामाङ (चालक) ३. सुरेन्द्र बिष्ट (लेखा अधिकृत) ४. दावा साङबो तामाङ (फिल्ड सहायक) ५. निमा नुर्पु तामाङ (हेल्पर/भान्छे) ६. राजन थापा (भान्छे) ७. बेदप्रकाश नेपाल (मेकानिकल इन्जिनियर) ८. ल्हाक्पा छोवाङ तामाङ (भान्छे) ९. सोनाम तामाङ (मेकानिक्स) १०. सानु कान्छा तामाङ (इलेक्ट्रिकल फोरमेन) ११. मिङमार दोर्जे घले (सुरक्षा गार्ड) १२. सौगात अधिकारी (आई.टी. तथा जिन्सी व्यवस्थापन अधिकृत) १३. मिम्बर नगरकोटी (जुनियर हेल्पर/गार्ड) १४. रन्जन डंगोल (चालक) १५. निमा साङबो तामाङ (चालक) १६. यमबहादुर दर्लामी (सिभिल ओभरसियर) १७. सन्तोष अधिकारी (प्लाण्ट म्यानेजर) १८. कृष्णबहादुर बस्याल (मेकानिकल ओभरसियर) १९. पीताम्बर श्रेष्ठ (मेकानिकल फोरमेन) २०. खगेन्द्रकुमार बिश्वकर्मा (इलेक्ट्रिकल ओभरसियर) २१. ज्ञानबहादुर लोप्चन (इलेक्ट्रिकल फोरमेन)।

**(ग) तातोपानी डाँडामा रहेको आयोजनाको विद्युतगृह (Powerhouse) परिसरमा कार्यरत कमर्चारीहरूः**

**(अ) विद्युतगृह परिसरको कन्ट्रोल रूपमा ड्युटिमा रहेका कर्मचारीहरूः**

१. किशोर न्यौपाने (मेकानिकल ओभरसियर), २. सन्तोष पौडेल (इलेक्ट्रिकल सब-ओभरसियर) ३. छिरिङ तामाङ (सब-ओभरसियर)

**(आ) विद्युतगृह परिसरको अन्य स्थानमा रहेका कर्मचारीहरूः**

१. पासाङ दिन्दुप नगरकोटी (भान्छे) २. डेरूप ग्याङगेन घले (भान्छे) ३. पासाङ तामाङ (चालक) ४. रिक्वेल ग्याल्बु घले (सुरक्षा गार्ड) ५. दावा तामाङ (जुनियर हेल्पर) ६. पेम्बा ल्हामु तामाङ (इलेक्ट्रिकल ओभरसियर) ७. सोनाम तामाङ (मेकानिकल फोरमेन) ८. फुर्पु दिन्डुप तामाङ (सुरक्षा गार्ड) ९. समीर लामिछाने (इलेक्ट्रिकल इन्जिनियर) १०. झपाम्पा छेसाङ तामाङ (इलेक्ट्रिकल फोरमेन) ११. पासाङ धार्के तामाङ (सुरक्षा गार्ड)

रसुवागढी हाइड्रोपावर क. लि.
RASUWAGADHI HYDROPOWER CO. LTD.
2011 A.D.

त्यसैगरी जलविद्युत केन्द्रको केहि अत्यावश्यक कार्यका लागि दैनिक ज्यालादारीमा कार्यरत ६ जना कामदार मध्ये ४ जना (श्री भक्त बहादुर माझी, श्री बल बहादुर माझी, श्री राजन बि.क. र श्री सुनिल माझी) को बाँधस्थल अन्तर्गतको भुमिगत रूपमा रहेको वालुवा थिग्राउने पोखरी **(Desander)** बाट मिति २०८३/०५/१२ मा नेपाली सेनाद्वारा सकुशल उद्दार भएको छ भने बाँकी २ जना (श्री बल बहादुर माझी र श्री भरत बहादुर माझी) हालसम्म पनि सम्पर्क विहिन रहेका छन।

रसुवागढी जलविद्युत आयोजनाको सिभिल तथा हाइड्रोमेकानिकल निर्माण कार्यमा संलग्न चिनियाँ ठेकेदार श्री चाइना इन्टरनेशनल वाटर एण्ड इलेक्ट्रिक कर्पोरेशनका १ चिनियाँ नागरिक सहितका कर्मचारीहरू ५ जना, गत वर्षको बाढीका कारण बाँधस्थलमा भएको क्षतिको पुनर्निर्माण/पुनस्थापना कार्यमा संलग्न ठेकेदार श्री लामा भेनस कन्ष्ट्रक्सन जे.भी. का कामदारहरू ३ जना र घट्टेखोला स्थित कर्मचारी आवास भवन निर्माण कार्यमा संलग्न ठेकेदार श्री शेर्पा हाइड्रो प्रा.लि. का कामदारहरू ३१ गरी ठेकेदारका तर्फका कार्यरत जम्मा ३९ जना कर्मचारी/कामदारहरू सम्पर्क विहिन रहेका ठेकेदारका प्रतिनिधिबाट जानकारी प्राप्त भएको छ। उल्लेखित कर्मचारी/कामदारहरूको विवरण निम्नानुसार रहेको छः

**(अ) ठेकेदार श्री चाइना इन्टरनेशनल वाटर एण्ड इलेक्ट्रिक कर्पोरेशनका कर्मचारी/कामदारहरूः**

१. ली यान बिन (Li Yann Bin) २. उमेश धामी ३. हरि प्रसाद थारु ४. पदम बहादुर घर्ती मगर ५. इन्द्र कुमार बी.के.

**(आ) ठेकेदार श्री लामा भेनस कन्ष्ट्रक्सन जे.भी. का कर्मचारी/कामदारहरूः**

१. तारानाथ ढकाल २. संगम बुढा मगर ३. प्रकाश बी.के.

**(इ) ठेकेदार श्री शेर्पा हाइड्रो प्रा.लि. का कर्मचारी/कामदारहरूः**

१. राज कुमार यादव २. प्रकाश कोइराला ३. गंगा चौधरी ४. लाक्पानुर्पु तामाङ ५. निरज नेपाल ६. पुष्पा नेपाल ७. सञ्जु आचार्य ८. सिताराम महत्तो ९. नुमनारायण महत्तो १०. तेज बहादुर महत्तो ११. केबेल महत्तो १२. हेम बहादुर चौधरी १३. कैलाम महत्तो १४. शिवानी चौधरी १५. हुसान बहादुर थारु १६. जीवन बी.के. १७. विशाल मुखिया १८. बिजया महत्तो १९. उमेश महत्तो २०. निमा लाक्पा शेर्पा २१. सिजन चौधरी २२. रुपा मगर २३. अनिल चौधरी २४. सुबोध शर्मा २५. सन्दिप मण्डल २६. उमेश कुमार साह २७. चन्द्र माझी २८. मिलन माझी २९. भेषराज माझी ३०. मिन बहादुर आले मगर ३१. नवराज आले मगर।

उल्लेखित विवरण अनुसार कम्पनीका नियमित कर्मचारी ५१ जना, संचालक १ जना, दैनिक ज्यालादारी कामदार २ जना र तीनवटा ठेकेदार कम्पनीका ३९ जना गरी जम्मा ९३ जना हालका मितिसम्ममा पनि सम्पर्क विहिन रहेको अवस्था छ।

आयोजनास्थलमा रहेका कर्मचारीहरूको अवस्था बुझ्न तथा सम्भावित खोज तथा उद्धार कार्यका लागि कम्पनीको तर्फबाट तत्काल हेलिकप्टरको व्यवस्था गरी पटक-पटक आयोजनास्थलमा कर्मचारीहरू पठाइएको थियो। खोज तथा उद्धारमा संलग्न नेपाल सरकारका सम्बन्धित निकायहरूमा सम्पर्क विहिन भएका कर्मचारीहरूको पुरा विवरण, सम्पर्क विहिन भएका स्थानहरू, जिपिएस कोअर्डिनेट, आयोजना निर्माणको नक्सा लगायतको विवरणहरू लिखित तथा मौखिक रूपमा पेश गरी खोज तथा उद्धारका लागि अथक प्रयास गरिएको छ।

जलविद्युत केन्द्रको भुमिगत विद्युतगृहको कन्ट्रोल रूम र गेटमा रहेको सर्भिस विल्डिङमा रहेका गरी जम्मा १२ जना कर्मचारीहरू सबै विद्युतगृहमा नै थुनिएर रहेको हुनसक्ने वा भित्र रहेका पनि भागेर बाहिर आएको हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी भित्र रहेको अवस्थामा विद्युतगृह प्रवेश गर्ने २५० मिटर लामो सुरूङ मार्ग बाढिका

RASUWAGADHI HYDROPOWER CO. LTD. 2011 A.D.

कारण पूर्ण रूपमा (हावा पास नहुनेगरी) थुनिएको अवस्थामा वाहेक अक्सिजन पास भई भित्र रहेका कर्मचारीहरू सूरक्षित रहेको हुनसक्ने भएकाले तिब्र खोजी तथा उद्दार कार्य होस भन्ने कम्पनीको शुरूदेखि कै अपिललाई स्वीकार गरी मिति २०८३/०५/१५ गते रसुवा जिल्लाको सदरमुकाम धुन्चेबाट गएको नेपाली सेना, ड्रोन प्राविधिक र स्थान देखाउन गएका यस कम्पनीका इन्जिनियर सहितको टोली उक्त एक्सेस टनेलमा प्रवेश गर्दा विद्युतगृहको नजिक पुगेको र उक्त स्थानसम्म पुग्दा कोही पनि फेला नपरेको जनाई उद्दार टोली फिर्ता भएको जानकारी नेपाली सेनाबाट प्राप्त भएबाट अत्यन्तै निराशाजनक परिस्थिति सृजना भएको छ। यद्दपी, विद्युतगृह पूर्ण रूपमा टालिएर कन्ट्रोल रूमसम्म उद्दार टोली जान नसकेको हुनसक्ने भएकाले हिलो सहितको फ्लडिङ म्याटेरियल पन्छाई कन्ट्रोल रूमसम्म पुग्न सकेको अवस्थामा कोही न कोही कर्मचारी जस्तोसुकै अवस्थामा भएपनि फेला पर्नुपर्ने कम्पनीको विश्वास रहेको छ।

सम्पर्कविहीन कर्मचारीहरूको खोजी तथा उद्धार कार्यलाई उच्च प्राथमिकतामा राखी कम्पनीको बोर्ड/व्यवस्थापन, स्थानीय प्रशासन, सुरक्षा निकाय, उद्धार टोली, स्थानीय जनप्रतिनिधि, स्थानीय बासिन्दा तथा सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा निरन्तर प्रयास भइरहेको छ। प्रतिकूल मौसम, भौगोलिक कठिनाइ तथा अन्य चुनौतीका बाबजुद पनि सम्भावित स्थानहरूमा खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिइएको छ। यस कठिन र पीडादायी घडीमा सम्पर्कविहीन कर्मचारीहरूका परिवारजन तथा आफन्तहरूले भोगिरहनुभएको चिन्ता, पीडा र अनिश्चितताप्रति कम्पनीले गहिरो पिडाबोध गरेको छ। उहाँहरूको पीडा र भावनालाई कम्पनीले पूर्ण रूपमा सम्मान गर्दछ। खोजी तथा उद्धार कार्यबाट प्राप्त हुने प्रत्येक आधिकारिक सूचना परिवारजन तथा सम्बन्धित पक्षलाई यथाशीघ्र उपलब्ध गराउने कम्पनीको प्रतिबद्धता रहेको छ।

साथै, यस कठिन परिस्थितिमा खोजी तथा उद्धार कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय प्रशासन, स्थानीय तह, स्वास्थ्यकर्मी, उद्धारकर्मी, प्राविधिक, संचार जगत तथा अन्य सम्बन्धित निकायहरूप्रति कम्पनी हार्दिक आभार व्यक्त गर्दछ। उहाँहरूको निरन्तर प्रयास, समर्पण र सहयोगप्रति कम्पनी उच्च सम्मान प्रकट गर्दछ। कम्पनीले सम्पर्कविहीन कर्मचारीहरूको सकुशल उद्धारको लागि उपलब्ध सम्पूर्ण स्रोत, साधन र जनशक्तिको अधिकतम परिचालन गर्दै खोजी तथा उद्धार कार्यलाई प्रभावकारी रूपमा निरन्तरता दिनेछ।

अप्रमाणित सूचनाबाट परिवारजन, आफन्त तथा सम्बन्धित सबै पक्षमा अनावश्यक थप मानसिक तनाव सिर्जना हुन सक्ने देखिएकोले यस दुखद र संवेदनशील समयमा अप्रमाणित सूचना, अफवाह वा अनुमानका आधारमा कुनै पनि समाचार वा जानकारी सम्प्रेषण नगरी आधिकारिक स्रोतबाट प्राप्त सूचनालाई मात्र आधार बनाउन कम्पनी सबैमा हार्दिक अनुरोध गर्दछ। साथै, यस कार्यमा थप आवश्यक सहयोग र समन्वयका लागि सम्बन्धित सबै सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय समुदाय तथा अन्य सरोकारवाला पक्षहरूसँग निरन्तर सम्पर्क र सहकार्य गर्दै थप स्रोत साधन सहित सम्भावित अन्य विकल्पहरूबाट समेत खोजी तथा उद्दारका लागि यस कम्पनी जोडदार माग गर्दछ।

..........................

(पुष्कर अमात्य)
निमित्त प्रमुख कार्यकारी अधिकृत
रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
मितिः २०८३/०५/१६